Regd No.: 150799/065/066

राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
Rapti Hydro and General Construction Limited
P.O. Box: 13961, Bluestar Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4100586, 01-4101140, 01-4222609

Ref. no: RHGCL/EL/10/083/84

मिति : आश्विन ०९, २०८३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार, काठमाण्डौं ।

विषय : हकप्रद शेयरको पूर्व स्वीकृति बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष २९, २०८२ मा सम्पन्न भएको वार्षिक साधारण सभाबाट कम्पनीले हाल कायम चुक्ता पूँजी रु. १,२२,५५,८७,६०० /- (अक्षरेपी एक अर्ब बाईस करोड पच्पन्न लाख सतासी हजार छ सय मात्र) को १:०.४६६१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको हुँदा सो को पूर्व स्वीकृति का लागी विद्युत नियमन आयोग समक्ष निवेदन गरेको विदितै छ । सो पूर्व स्वीकृतिको सन्दर्भमा विद्युत नियमन आयोगले मिति आश्विन ०८, २०८३, पत्र संख्या: २०८२/८३, चलानी नं. ३१३ को पत्र मार्फत यस कम्पनीलाई चुक्ता पूँजीको १:०.२५१४ अनुपातमा रु. ३०,८१,२६,२५४/३४ ( अक्षरेपी तीस करोड एकासी लाख छब्बिस हजार दुई सय चौवन्न रुपैयाँ चौतिस पैसा मात्र) बराबर ३०,८१,२६२ (तीस लाख एकासी हजार दुई सय बैसट्ठी) कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागी पूर्व स्वीकृति सम्बन्धि पत्र मिति आश्विन ०८, २०८३ गते अपरान्ह ५:०० बजे प्राप्त भएको हुँदा सोही अनुसार तहाँ समक्ष जानकारी गराउँदछौं ।

भवदीय,

..............................
सरिता पाण्डे
प्रशासन

बोधार्थ:

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८२/०८३ मितिः २०८३/०६/०८

चलानी नं: ३९३

**श्री राप्ति हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड,**
**गोदाबारी – ०८, ललितपुर।**
**सम्पर्क नं: ९८४९८७१०१०, ९८५१०९८३११**

**विषय: हकप्रद शेयर निष्कासनको पूर्वस्वीकृति वारेमा।**

प्रस्तुत विषयमा रुकुम जिल्लामा अवस्थित ५ मे.वा. क्षमताको रुकुमगाड ज.वि. आयोजनाको लागि प्रचलित कानुन बमोजिम विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त कम्पनी राप्ति हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको साविकको अधिकृत पुँजी रु. २,५०,००,००,०००/-, जारी पुँजी रु. १,७९,६८,९१,१००/- र चुक्ता पुँजी रु. १,२२,५५,८७,६००/- रहेकोमा हाल चुक्ता पुँजीको १:०.४६६१ अनुपातमा प्रस्तावित शेयर रकम रु. ५७,१३,०३,४८६/- को ५७,१३,०३४.८६ कित्ता हकप्रद शेयर निष्काशनको लागि मिति २०८२/१०/२५ मा पेश गरेको निवेदन तथा विभिन्न मितिमा कम्पनीबाट पेश भएका थप कागजातहरु उपर छलफल हुँदा कम्पनीले हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने रकममध्ये रु. ३०,८१,२६,२४५।३४ ले consortium bank को ऋण चुक्ता गर्ने र रु. २६,३१,७७,२४०।६६ ले प्रवर्द्धक कम्पनी ईन्स्पायर क्लिन इनर्जी लिमिटेडको ऋण चुक्ता गर्ने उल्लेख गरेकोमा प्रवर्द्धक कम्पनीसँगको ऋण चुक्ता गर्ने प्रयोजनका लागि पूर्वस्वीकृति प्रदान गर्ने अभ्यास आयोगमा नरहेकोले तथा मिति २०२६/०१/२६ को प्राइम बैंकबाटको पत्र अनुसार रु. २९,८६,५४,२६८।९ र मिति लक्ष्मी कुमारी बैंकको पत्र अनुसार रु. ५,११,८७,१०५।३० बराबरको (कुल ३४,९८,४१,३७४।२) loan outstanding रहेकाले कम्पनीको अद्यावधिक कर्जा तिर्ने प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. १,२२,५५,८७,६००/- को १:०.२५१४ अनुपातमा हुन आउने रकम रु. ३०,८१,२६,२४५।३४ को ३०,८१,२६२ कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि मात्र " *विद्युत्सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,* २०७८ को दफा ७ तथा दफा ९ बमोजिम तपसिलका शर्त सहित स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८३/०६/०२ को ३२० औ बैठकको निर्णयानुसार अनुरोध छ।

सर्तहरु:

1. हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र सोको पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।
2. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।
3. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।
4. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।
5. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

आयाम खनाल
(वित्त अधिकृत)

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

Scanned with CamScanner